कालिञ्चोक गाउँपालिका
Kalinchok Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल

पत्र संख्या:- २०७९/०८०
चलानी नं.:-

मिति: २०८०/३/४

## स्नातक प्राविधिक छात्रबृत्तिको लागि निवेदन पेश गर्ने म्याद थप सम्बन्धी सूचना !!!!

**सूचना प्रकाशन मिति : २०८०/०३/०४**

प्रस्तुत विषयमा कालिञ्चोक गाउँपालिकाको आ.व २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको प्राविधिक शिक्षा छात्रवृत्ति ( ४ वर्षे स्नातक प्राविधिक ) कार्यक्रमको लागि सूचनाको मितिले ७ दिन भित्र ( २०८०/०३/१० गतेसम्म ) कालिञ्चोक गाउँपालिकाबाट प्रदान गरिने स्नातक प्राविधिक छात्रवृत्ति वितरण कार्यविधि ,२०७६ बमोजिमको ढाँचामा निवेदन र तपशिल बमोजिमका आवश्यक कागजातसहित निवेदन दिनुहुन सम्बन्धित सबैका लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपशिल:

क. छात्रवृत्तिका लागि आवेदन दिने आवेदक कालिञ्चोक गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने ।

ख. आवेदकले SLC/SEE सरकारी विद्यालयबाट उत्तीर्ण गरेको हुनुपर्ने ।

ग.अन्य कुनै पनि निकायबाट पूर्ण छात्रवृत्ति नपाएको हुनुपर्ने ।

ङ . यस अघि पालिकाबाट यस किसिमको छात्रबृत्ति प्राप्त नगरेको हुनुपर्ने ।

घ. छात्रवृत्तिका लागि आवेदकले प्राविधिक कलेज भर्ना भएको भर्ना रसिद, भर्ना भएको सम्बन्धित कलेजको पत्र(निज यस कलेजमा भर्ना भई नियमित विद्यार्थी रहेको र सशुल्क वा निशुल्क कुन किसिमको विद्यार्थी हो भन्ने व्यहोरा खुलाईएको) , SLC/SEE को प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित वडाको सिफारिसपत्र , अन्य कुनै पनि निकायबाट पूर्ण छात्रवृत्ति नपाएको व्यहोराको स्वघोषणा पत्र र छात्तवृत्ति पाउँभन्ने संलग्न ढाँचाबमोजिमको निवेदन गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ ।

रोशनी आचार्य
शाखा अधिकृत ( शिक्षा प्रशासन )

Email: kalinchokrmdolakha@gmail.com, Website: www.kalinchowkmun.gov.np

CamScanner

स्नातक प्राविधिक छात्रवृत्ति पाउनको लागि दिने निवेदनको ढाँचा।

मिति ..........................

कालिञ्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालय,
सुनखानी, दोलखा।

विषयः- स्नातक प्राविधिक छात्रवृत्ति पाउँ।

प्रस्तुत विषयमा यस कालिञ्चोक गाउँपालिका अन्तर्गत वडा नं .......मा बस्ने श्री.............................को छोरा/छोरी वर्ष................को म श्री ..............................ले स्नातक (प्राविधिक) अध्ययनको लागि मेरो आर्थिक अवस्था कमजोर भई अध्ययन गर्न कठिनाई भएकोले यस कार्यालयबाट स्नातक प्राविधिक अध्ययनको लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम भएको भन्ने बुझिएकोले मैले सो अध्ययनको लागि आवश्यक कागजात यसै साथ संलग्न राखी यो निवेदन पेश गर्दछु। मैले पेश गरेको विवरण ठिक साँचो छ। झुट्टा ठहरेमा प्रचलित कानुन बमोजिमको सजाय भोग्न मञ्जुर छु।

१. नाम थरः.....................................

२. प्रदेशः..........................................

३. ठेगानाः........................................

४. सम्पर्क नंम्बर.................................

CamScanner